नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ 

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० अंक ९९ २०७७ साल कात्तिक २७ गते बिहीबार (12 Nov. 2020 Thursday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- कुनै अभियोगमा कसूरदार ठहर भए पछी मात्र सजाय निर्धारण हुने,
- बालवालिकालाई सजाय निर्धारण गर्दा बालबालिकाको सर्वोत्तम हित समेतलाई विचार गर्नु पर्ने,
- जरिबाना लागेको व्यक्तिले किस्ताबन्दीमा जरिबाना तिर्न सकिने,
- पीडितलाई पुगेको भौतिक, शारीरिक, मानसिक, भावनात्मक क्षतिवापत क्षतिपूर्ति भराई दिनु पर्ने,
- कैदको विकल्पको रुपमा सामुदायिक सेवा, सुधार गृह, पुनर्स्थापना केन्द्र, खुला कारागार, प्यारोल, कैद बापत श्रम सामाजिकीकरण लगायतका उपाय अवलम्बन गर्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : तराईमा शुरु भयो छठपर्वको ... ३ पृष्ठमा : राष्ट्रिय गौरवका आयोजनाको ... ३ पृष्ठमाबिहारमा सत्तारुढ ...

# सबल नेपालद्वारा चालु आ.ब.का लागि १९ करोड ७१ लाख ९४ हजार अनुमानित रकम बिनियोजन




**दैनिक समाचारदाता**
**राजविराज, २६ कात्तिक ।**

सबल नेपाल नामक गैरसरकारी संस्थाले बुधबार एक कार्यक्रमबीच आफ्नो १५ औं बार्षिक साधारण सभा राजबिराजमा सम्पन्न गरेको छ ।

सबल नेपालको राजबिराजस्थित केन्द्रिय कार्यालयमा अनलाइन तथा स्थलगत कार्यक्रमको माध्यमबाट साधारण सभा सम्पन्न गरेको हो ।

सामुदायिक क्षेत्रमा सक्रिय रहेको सबल नेपालका अध्यक्ष जुना गिरीले प्रस्तुत गरेकी बार्षिक प्रगति प्रतिवेदन तथा बार्षिक योजना सार्वजनिक गरेका थिए ।

सार्वजनिक प्रतिवेदन अनुसार आ.व. २०७७/७८ का लागि १९ करोड ७१ लाख ९४ हजार अनुमानित रकम बिनियोजन गरेको उल्लेख छ । जस अर्न्तगत समुन्नती कार्यक्रम अर्न्तगत ६ करोड ८५ लाख, खानेपानी तथा सरसफाइ स्वच्छता कार्यक्रम अर्न्तगत ६ करोड २५ लाख, सौर्यउर्जा प्रबर्द्धन कार्यक्रम अर्न्तगत १५ लाख १४ हजार, शुद्ध खानेपानी माथी सहज पहुँचको लागि ३५ लाख ५० हजार, दैवि प्रकोप राहत तथा कोरोना रोकथाम कार्यक्रम तथा सहयोगको लागि ३ करोड ५० लाख, पुर्ण सरसफाइ अभियानका लागि, १ करोड ५० लाख, कृर्षिमा आधारित कार्यक्रमका लागि ४५ लाख ३५ हजार तथा संस्था संचालन तर्फ ६५ ला ९५ हजार खर्च गरिने जनाइएको छ ।

सोही कार्यक्रममा सबल नेपाललाई बिगतदेखि सहयोग गरेकाका तारा कटुवाल, रंजिता यादव, पुष्पा झा, शिला कर्ण, हिरा ठाकुर र चन्दन यादव लगायतलाई सम्मान गरिएको थियो । त्यस्तै कर्मचारीहरु नन्दकिशोर चौधरी र केशवराज पन्तलाई समेत सम्मान गरिएको थियो ।

सबल नेपालका अध्यक्ष जुना गिरीको अध्यक्षता तथा सेभ द चिल्ड्रेनका बरिष्ठ कार्यक्रम संयोजक खिलानाथ निरौलाको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा संस्थाका कार्यकारी निर्देशक दिपक कुमार झाले स्वागत मन्तव्य राखेका थिए भने कार्यक्रमको संचालन संस्थाका कोषाध्यक्ष आयुश श्रेष्ठले गरेका थिए ।

# कोरोना संक्रमणबाट सिरहाका दुई जनाको मृत्यु

**दैनिक समाचारदाता**
**सिरहा, २६ कात्तिक ।**

कोरोना संक्रमणबाट सिराहाका दुई जना उपचारका क्रममा बुधबार मृत्यु भएको छ ।

जिल्लाको धनगढीमाई नगरपालिका ४ का ७० वर्षका पुरूष र बिष्णुपुर गाउँपालिका २ का ३५ वर्षका पुरूषको उपचारको क्रममा मृत्यु भएको हो ।

७० वर्षका पुरुषको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा र ३५ वर्षका पुरुषको विराट अस्पताल विराटनगरमा मृत्यु भएको प्रादेशिक स्वास्थ्य निर्देशनालयले जनाएको छ ।

स्वास्थ्यमा समस्या देखिएपछि उपचारका लागि धरान गएका ७० वर्षका पुरुषमा गत कात्तिक १७ गते र ३५ वर्षका पुरुषमा कात्तिक १९ गते कोरोना पोजेटिभ देखिएको थियो ।

# बामदेवलाई मन्त्री बन्ने बाटो खुल्ला

**दैनिक समाचारदाता**
**काठमाडौं, २६ कात्तिक ।**

सर्वोच्च अदालतले नेकपाका उपाध्यक्ष वामदेव गौतमलाई मन्त्री बन्ने बाटो खोलिदिएको छ ।

अदालतको संवैधानिक इजलासले गौतम विरुद्धको रिटलाई अन्तरिम आदेश दिन अस्वीकार गरेसँगै गौतमलाई मन्त्रीबन्ने बाटो खुला भएको हो ।

प्रधानन्यायाधीससहितको संवैधानिक इजलासले गौतमको नियुक्तिविरुद्ध परेको रिटमाथि सुनुवाइ गर्दै त्यसबारे अन्तरिम आदेश दिन नपर्ने बुधबार फैसला गरेको छ ।

सरकारले गौतमलाई राष्ट्रपतिबाट मनोनित हुने कोटाबाट राष्ट्रिय सभाको सदस्य बनाएपछि उनीविरुद्ध मन्त्री बन्न नदिन रिट परेको थियो । प्रतिनिधिसभा निर्वाचनमा हारेका व्यक्ति सोही कार्यकालमा मन्त्री बन्न नपाउने जिकिर गर्दै उनीविरुद्ध रिट परेको थियो ।

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



## सम्पादकीय ....

# घरमै बसेर चाडपर्वमा रमाइलो गरौं

हिन्दुहरुको दोश्रो महान चाड तिहारको चहलपहल सुरु भएको छ। कोरोना महामारीकै बीच वडा दशैं सकिएपछि तिहारको चहलपहल सुरु भएको हो। यता महामारीका कारण दिनहुँ संक्रमितहरु बढ्दै गएको अवस्थामा दशैं खल्लो भए झैं तिहार पनि खल्लो हुने निश्चित देखिएको छ। तर तिहार अन्तरगत सबैभन्दा पहिला दिन लक्ष्मी पूजा गर्दै दिपावली मनाउने भएकोले यो पर्वमा घर घरमा झिलमिल बत्ति बालिनुका साथै घरमै रमाइलो गर्ने गरिन्छ। तर लक्ष्मी पूजाकै दिन देउसी र भौलो खेलिने गरिन्छ। विभिन्न घरमा गएर खेलिने देउसी र भौलो भने पूर्ण रुपले कोरोनाका कारण बञ्चित हुने देखिन्छ।

आम जनताले सबैभन्दा पहिला स्वास्थ्यलाई ख्याल गर्नु पर्दछ। अनि मात्र कुनै पनि चाडपर्व मनाउन उत्सुक हुनुपर्छ। त्यसैले यो चाडमा पनि घरमै बसेर कोरोना महामारीलाई हराउन सबैले ध्यान केन्द्रित गर्नु पर्ने समय रहेको छ। घरमै बसेर पनि चाड पर्व रमाइलो हुन्छ। आफ्ना घरमा परिवारसँग बसेर चाडपर्व मनाउने बेग्लै रोचकता हुन्छ।

तसर्थ विश्व ब्यापी कोरोना महामारीका कारण यस पटकको सबै चाडपर्व घरमै सुरक्षित बसेर मनाउन सबैको ध्यान केन्द्रित हुनुपर्दछ। स्वास्थ्य राम्रो रहे भने हामी अर्को बर्ष पनि चाडपर्वमा रमाइलो गर्न सक्छौं।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# तराईमा शुरु भयो छठपर्वको तयारी

वीरगञ्ज, २६ कात्तिक (रासस)।

वीरगञ्ज छपकैयाकी २९ वर्षीया सेवकीदेवी कांखे आफ्नो बालक च्यापेर एकाबिहानै घण्टाघरमा देखा पर्छिन्। उनीसँगै अरु एक हुल बालिका पनि हुन्छन्। सबैको हातमा बाँसले बनाएको ढाकी, सुपा, कोनिया हुन्छ। आस्था, विश्वास र लोकपर्वको रूपमा रहेको छठपर्व मनाउन उनीहरूले चन्दा माग्दै हिँड्ने गरेका छन्। हिन्दूहरूको आस्थाको पर्वका रूपमा रहेको यो पर्व अन्तर्गत भिक्षा मागेर छठपर्व गर्नेहरूको सङ्ख्या प्रत्येक वर्ष बढ्दै गएको देखिएको छ। यस पर्वप्रति आस्था र विश्वास गर्नेहरू यसरी भिक्षा मागेरै भए पनि पर्व मनाउने गरेको परम्परा रहिआएको छ।

लोक आस्था, विश्वास र श्रद्धाको पर्वका रूपमा रहेको छठको तयारी अहिले द्रुतगतिमा थालिएको छ। गरिब या धनी सबैले श्रद्धापूर्वक मान्ने यो पर्वमा दलित, गरिब, असहायले भिक्षा मागेरै भए पनि परम्परा धान्ने गरेका छन्। छठीमाताको भाकल गर्ने पनि चलन रहेकाले यस्ता महिलाले चन्दा मागेर भए पनि यो पर्व गर्दै आएका छन्। अहिले बजारमा छठपर्वको लागि चन्दा माग्ने महिला तथा बालिकाहरू देखिन्छन्। व्यापारी तथा बटुवाले आफ्नो गच्छेअनुसार छठीमइयाको नाममा चन्दा दिने गरेको देखिन्छ।

तराईमा छठको आफ्नै तथा अलग्गै महत्व रहेको छ। मिथिलाञ्चलको पौराणिक महत्व बोकेका सरोवरहरू घडिअर्वा, नगवापोखरी, छपकैया, श्रीपुर, रानीघाट, रामगढवालगायतका ग्रामीण क्षेत्रमा रहेका पोखरी तथा तलाउ सरसफाइ गरी सजाउने काम भइरहेको छ। स्थानीयवासीको विशेष सक्रियतामा सरसफाइ शुरु भएको देखिएको छ।

स्थानीयवासीका अनुसार प्रत्येक वर्ष छठ मनाउनेहरूको सङ्ख्यामा पनि वृद्धि भइरहेकोले देखिन्छ। छठपर्व आउन अझै धेरै दिन बाँकी रहे पनि छठका लागि आवश्यक पर्ने सामान किनमेल गर्नेहरूको बजारमा अहिल्यैदेखि भीड देखिन थालेको छ। स्थानीयवासीका अनुसार विगतभन्दा यस वर्ष कोभिड-१९ को त्रास देखिए पनि यो पर्व गर्नेहरूको सङ्ख्यामा भने कमी आउने देखिँदैन, बरु बढ्दै गएको छ। छठपर्वका लागि आवश्यक पर्ने सामानको जोहो महिना दिन पहिल्यैदेखि शुरु हुन्छ। छठमा प्रयोग हुने सामानको मूल्य निकै चर्को भए पनि यसको जोहो गर्नैपर्ने र तयारी थाल्नैपर्ने भएको स्थानीय विजय पण्डितले बताउनुभयो।

यस वर्ष मङ्सिर ४ गते छठपर्वअन्तर्गत खरना विधि अपनाइन्छ। सो दिनलाई षष्ठी भनिन्छ। सोही दिन विधिपूर्वक साँझको अर्घ्य दिने भए पनि यसको मुख्य विधि तीन दिनअगावैदेखि निष्ठापूर्वक शुरु हुन्छ। अहिले गाउँघरमा अहिले छठपर्वको गीत गुञ्जिन थालेको छ। सूर्यषष्टीलाई छठपर्व प्रारम्भ हुने दिनको रूपमा लिइन्छ। छठको पहिलो दिन व्रतीहरू नहायखाय गरी छठपर्व आरम्भ गर्छन्।

मङ्सिर ४ गते पञ्चमीको दिन खरना विधि गरिन्छ र सोही दिनदेखि मिथिलाञ्चलमा रहेका भाइबहिनीबीचको पवित्र पर्व सामा चकेवा पर्व पनि शुरु हुन्छ। छठपर्वअन्तर्गत गरिने विधि खरनालाई पापको क्षय हुने दिन पनि भनिन्छ। खरनाका दिन राति गाईको गोबरले घरआँगन लिपपोत गरी अरबा चामलको पिठोबाट तयार पारिएको झोलले भूमि सुशोभित गरेर व्रतीहरू दिनभरि उपवास बस्ने गर्छन्।

बेलुकीपख चन्द्रमाको दर्शन गरेपछि माटोको नयाँ चुल्होमा र माटोकै नयाँ भाँडोमा सख्खर, दूध र चामलको खिर पकाइन्छ। यस्तो खिर केराको पातमा राखेर छठीमातालाई चढाइन्छ र व्रतीले प्रसादका रूपमा ग्रहण गर्छन्। यो प्रसादलाई परिवारका अन्य सदस्यले पनि प्रसादका रूपमा ग्रहण गर्ने चलन छ। अर्को दिन बेलुकी अस्ताउँदो सूर्यलाई अर्घ्य दिन व्रतालुहरूले रातभरि जागाराम बसी भोलिपल्ट बिहान उदाउँदो सूर्यलाई फेरि अर्घ्य दिएर व्रत समाप्त गर्ने गरिन्छ। सो दिनलाई छठको पारन भन्ने गरिन्छ। पारिवारिक सुख, शान्ति, रोगबाट मुक्ति तथा विभिन्न मनोकाङ्क्षा पूरा होस् भन्ने उद्देश्यले श्रद्धापूर्वक मनाइने छठपर्वका अवसरमा भीड लाग्ने गर्छ।

सूर्यको आराधनाबाट सुख, समृद्धि र सन्तान प्राप्ति एवं चर्मरोग निको हुने जनविश्वास रहेको व्रती सुधा कर्णले बताइन्। ज्योतिषशास्त्रका आधारमा छठपर्वको समयमा ब्रम्हाण्डमा सूर्य दक्षिणायन हुने भएकाले कन्या राशी समय पर्ने र यस बेलाको सूर्यको प्रकाश प्रभावकारी र मानव स्वास्थ्यका लागि पनि फलदकारी हुनेसमेत मानिएको छ।

छठको तयारीमा रहेका श्रद्धालुहरूले एक महिनाअघिदेखि नै बजारमा किनमेल शुरु गर्ने गर्छन्। छठपर्वको मुख्य प्रसादको रूपमा रहेको केरा फलफूल, मिठाइ, अदुवा, उखुको हरियो पात, मुला, भोगटे कागतीलगायत बाँसबाट बनेका अन्य सामग्रीको किनमेल गर्ने गरेको पाइन्छ।

छठ पूजाका लागि नगर क्षेत्रमा विशेष सुरक्षा व्यवस्था मिलाइएको छ। छठघाटमा सुरक्षाका लागि थप प्रहरी परिचालन गरिने जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ। चार दिनसम्म मनाइने यो पर्वमा व्रती महिलाले भोजनमा माछा, मासु, लसुन, प्याज, कोदो, मसुरो, आदिको सेवन गर्नु हुँदैन। महाभारत ग्रन्थका अनुसार द्रौपदीसहित पाँच पाण्डव अज्ञात बासमा रहँदा उक्त गुप्तबास सफल होस् भनी सूर्य देवतालाई आराधना गरेको उल्लेख गरिएको छ। उक्त समयमा पाण्डवहरू मिथिलाको किराँत राजाका राज्यमा बास बसेका पनि बताइन्छ। लोकगाथाअनुसार गुप्तबास सफल भएपछि सोही समयदेखि छठपर्व मनाउने परम्परा चलिआएको देखिन्छ।

त्यस्तै सूर्य पुराणअनुसार सर्वप्रथम अत्रिमूनिका पत्नी अनसुइयाले छठव्रत गरेपश्चात अटल शौभाग्य र इच्छा पूरा भएपछि त्यही दिनदेखि छठपर्वको शुरुआत भएको तर्क रहिआएको छ। सातौं शताब्दीमा श्रापबाट पीडित प्रसिद्ध कवि मधुर भट्टले सूर्यको उपासनापश्चता सुन्दर र कञ्चन शरीर पुनः प्राप्त गरेकाले त्यही दिनदेखि सूर्यको आराधना प्रारम्भ भएको जनविश्वाससमेत रहेको छ।

छठपर्व मनाउनुको पछाडि धार्मिक मान्यता, वैज्ञानिक, ज्योतिषसम्बन्धी तत्वहरू पनि त्यत्तिकै महत्व राख्दछ। जसअनुसार सूर्य तत्वबाट आफ्नो ज्ञानको अभिवृद्धि गरी जनकल्याणका लागि महत्वपूर्ण ठानिन्छ। भनिन्छ कि भौतिक विकास सूर्यमाथि नै आधारित भएकाले रुख, बिरुवा, वनस्पति, प्राणी, जीवजन्तु सबैको अस्तित्व सूर्यमाथि निर्भर भएको हुन्छ। त्यसैले छठपर्वमा व्रत गरे दुःख र दरिद्र हुनबाट मुक्ति पाइन्छ। सूर्य उपासना परम्पराको मोहकपद्धति मानिएकाले संसारमा यही एउटा पर्व हो जसमा भिक्षा मागेर पनि सूर्यको पूजा गर्ने परम्परा परापूर्वकालदेखि चलिआएको छ।

छठपर्वलाई लक्षितगरी व्यापारीहरूले भारतबाट केरा तथा स्याउ आयात गरेका छन्। यस पर्वमा मुख्यरूपमा उखु, केरा, स्याउ, भोगटे, बेसारको हरियो झारपात, अदुवा, मुला, सिंगहारा, विभिन्न प्रकारका मिठाइ र विभिन्न प्रकारका पकवान चढाइन्छ भने बाँसले बनाएको विभिन्न प्रकारका ढाकीहरू प्रयोग गरिन्छ। यसैगरी माटाका भाँडाको अनिवार्यरूपमा प्रयोग गरिन्छ। छठीमइयालाई अनिवार्यरूपमा चढाइने यी सामग्रीको बजार मूल्य चर्को भए पनि लोक आस्थाको पर्वको रूपमा रहेको छठपर्व हिन्दू धर्मावलम्बीका लागि महत्वपूर्ण भएकाले यो पर्वको तयारी एक महिना पहिलेदेखि शुरु गरिन्छ। शहरी क्षेत्रमा तडकभडकका साथ यो पर्व मनाइए पनि सुदूर ग्रामीण क्षेत्रमा यो पर्व विशिष्ठरूपमा मनाइने गरेकाले यसको मौलिकता अझसम्म कायमै रहेको छ।

विश्वव्यापीरूपमा फैलिएको कोरोना सङ्क्रमणका कारण लामो समयदेखि सीमानाका बन्द हुँदा यसपटक सूर्य उपासनाको पर्वको रूपमा रहेको छठपर्व निकै महङ्गो हुने व्रतालुहरू बताउँछन्। विगत लामो समयदेखि नेपाल-भारत सीमानाका बन्द रहेका कारणले पर्वको लागि चाहिने आवश्यक सामग्रीसमेत पर्याप्त मात्रामा नआएपछि यसपटकको छठ महङ्गो हुनसक्ने अनुमान गरिएको छ।

सूर्य उपासनाको पर्वका रूपमा रहेको छठपर्व तयारी मिथिलाञ्चल क्षेत्रमा एक महिना पहिलेदेखि शुरु भएको छ। व्रतालुहरू अहिले छठको तयारीमा जुटेका छन् भने बजारमा किनमेल गर्नेहरूको पनि घुइँचो लाग्न थालेको छ। यसपटकको छठ भने महङ्गो हुनसक्ने स्थानीयवासीको कथन छ। विगत वर्षको तुलनामा यसपटक सामानको मूल्य पनि बढेकाले महङ्गोमै सामान किन्न स्थानीयवासी बाध्य भएका छन्। अधिकांश सामानहरूको मूल्य आकाशिएको छ। सीमाका नाकाहरू छठको अवसर पारेर खुकुलो बनाए पनि बजारमा पर्याप्त सामान नआएकाले सामानहरूको मूल्य आकाशिएको हो।

# लगानी बोर्डद्वारा ३८ अर्बको विदेशी लगानी स्वीकृत

काठमाडौँ, २६ कात्तिक (रासस)।

लगानी बोर्डले तीन ठूला जलविद्युत् परियोजनाका लागि रु ३८ अर्ब बराबरको विदेशी लगानी स्वीकृत गरेको छ। बोर्ड अध्यक्ष एवम् प्रधानमन्त्री केपीशर्मा ओलीको अध्यक्षतामा मङ्गलबार बसेको बोर्डको ४५ औं बैठकले तीन ठूला परियोजनाका लागि रु ३८ अर्ब ६८ करोड बराबरको लगानी स्वीकृत गरेको हो।

सार्वजनिक निजी साझेदारी अवधारणामा कार्यान्वयन हुने ७७ दशमलव ५ मेगावाट क्षमताको घुन्साखोला जलविद्युत् परियोजनाका लागि रु १७ अर्ब ६२ करोड ४० लाख बराबरको विदेशी लगानी स्वीकृत गरेको बोर्डका प्रवक्ता धर्मन्द्रकुमार मिश्रले जनाकारी दिनुभयो।

उहाँका अनुसार ५७ मेगाावाटको हिमचुली दोर्दी जलविद्युत् परियोजनाका लागि रु १० अर्ब ६१ करोड ९१ लाख र ६५ मेगावाटको दुधखोला जलविद्युत् परियोजनाका लागि रु दश अर्ब ४३ करोड ६० लाख लगानी स्वीकृत भएको हो।

यसैगरी उक्त बैठकमा लगानी बोर्ड कार्यालयको क्षमता अभिवृद्धि तथा संस्थागत विकासका लागि परियोजना बैंक र विभिन्न सरोकारवाला निकायहरूसँग परामर्श गरी बोर्डको रणनीतिक योजना तयार गर्नेबारे छलफल भएको थियो। लगानीकर्तालाई एकल विन्दु सेवा केन्द्रद्वारा सहज र शीघ्र सेवा प्रदान गर्न उक्त केन्द्रलाई स्वचालित बनाउने तथा 'नलेज म्यानेजमेन्ट पोर्टल' को स्थापना तथा उपयोग गर्ने विषयमा समेत छलफल भएको मिश्रले जानकारी दिनुभयो।

बोर्डको अध्यक्ष ओलीले बैठकमा कोभिड-१९ ले याँ शिक्षा दिएको बताउँदै परियोजना कार्यान्वयनमा भइरहेको विलम्बलाई हटाउन नयाँ प्रविधिको आवश्यकता भएको बताउनुभएको थियो। उहाँले कोरोनाका कारण बोर्डको बैठक नियमित बस्न असहज भए पनि आगामी दिनमा नियमित हुने जानकारी दिनुभयो।

बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले बोर्डमार्फत प्रवर्द्धन र सहजीकरण भएका परियोजनाहरू कार्यान्वयनको अवस्था र बोर्डका गतिविधिबारे जानकारी गराउनुभएको थियो। भट्ट सिइओ नियुक्ती भएपछि बोर्डको पहिलो बैठक मङ्गलबार बसेको हो।

# राष्ट्रिय गौरवका आयोजनाको काम सन्तोषजनक

काठमाडौँ, २६ कात्तिक (रासस) ।

कोरोनाले सबै क्षेत्रलाई प्रभाव पारेको बेला पनि सिँचाइतर्फका राष्ट्रिय गौरवका आयोजनामा उल्लेखनीय प्रगति भएको पाइएको छ । कोरोना महामारी र लामो लकडाउनको असहज परिस्थितिमा समेत सिँचाइतर्फका राष्ट्रिय गौरवका आयोजनाको काममा सन्तोषजनक प्रगति देखिएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ । चालु आर्थिक वर्षको पहिलो त्रैमासिक समीक्षामार्फत राष्ट्रिय गौरवका छसहित अरु दुई ठूला आयोजनाको काम सन्तोषजनक देखिएको निष्कर्ष मन्त्रालयले निकालेको हो ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले सिँचाइका राष्ट्रिय गौरवका आयोजना निर्माणको प्रगतिबारे मन्त्रालयका सचिव, जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक तथा आयोजना प्रमुखसँग लगातार तीन दिनसम्म भर्चुअल बैठक गरी आयोजनाको अवस्थाबारे जानकारी लिनुभएको थियो । सो क्रममा जलस्रोत सचिव मधुसुदन अधिकारी, विभागका महानिर्देशक मधुकरराज राजभण्डारी र आयोजना प्रमुखले गौरवका सबै आयोजनाको अवस्थाबारे ब्रिफिङ गर्नुभएको थियो ।

भेरी-बबई र सुनकोशी-मरिन डाभइर्सन, सिक्टा, रानी जमारा कुलरिया, बबई र महाकाली सिँचाइतर्फका राष्ट्रिय गौरवका आयोजना हुन् । यस्तै उपत्यकाको भूमिगत पानीको स्रोत तथा रिचार्ज प्रणाली जोगाउने उद्देश्यले काठमाडौँका शिवपुरी राष्ट्रिय निकुञ्जमा निर्माणाधीन ढाप ड्यामको कामसमेत तीव्रगतिमा अघि बढेको छ ।

यस्तै तत्कालीन मध्य, पश्चिम र सूदुरपश्चिम प्रदेशमा विश्व बैंकको सहयोगमा यसअघि कार्यान्वयनमा रहेको सिँचाइ तथा जस्रोत व्यवस्थापन आयोजना अन्यत्र पनि लागू गर्नेबारे समेत बैठकमा छलफल भएको थियो । बैठकले विश्व बैंक र अर्थ मन्त्रालयसँग छलफल गरी आयोजनाको मोडालिटी टुङ्गो लगाउने निर्णय गरेको छ ।

सुनकोशी-मरिन डाइभर्सनबाट एक लाख २२ हजार हेक्टर, एउटै पकड क्षेत्र रहेको भेरी-बबई डाइभर्सन र बबई सिँचाइ आयोजनाबाट ५१ हजार हेक्टर, सिक्टा सिँचाइ आयोजनाबाट ४२ हजार ७०० हेक्टर, महाकाली सिँचाइ आयोजनाबाट ३५ हजार हेक्टर र रानी जमरा कुलरियाबाट २० हजार ३०० हेक्टर जमिनमा सिँचाइ सुविधा पुग्नेछ ।

यस्तै भेरी-बबई डाइभर्सनबाट ४७ मेगावाट, सुनकोशी-मरिन डाइभर्सनबाट करिब ३० मेगावाट तथा रानी जमरा कुलरियाबाट ४.७ मेगावाट विद्युत् उत्पादन हुनेछ । सिँचाइ र विद्युत् उत्पादनसँगै हुने भएकाले ती आयोजनालाई बहुउद्देश्यीय भनिएको हो । ढाप ड्याम निर्माणको काममा हालसम्म कूल ८० प्रतिशत, सिक्टामा ६० प्रतिशत, भेरी-बबईमा ४० प्रतिशत र बबइमा ४७ प्रतिशत काम सम्पन्न भइसकेको छ ।

गत वर्षबाट शुरु भएको सुनकोशी मरिन आयोजनाअन्तर्गत रामेछाप र सिन्धुली खण्डमा जग्गा अधिग्रहणको काम सकिएको छ । कतिपय स्थानमा मुअब्जा वितरणसमेत भएको छ । यस्तै चालु आर्थिक वर्षमा मात्र राष्ट्रिय गौरवको आयोजनामा समाविष्ट भएको महाकाली सिँचाइ आयोजनाको कूलमध्ये १० प्रतिशत काम सम्पन्न भएको छ ।

ती सबै आयोजनाको काममा मन्त्री पुनले प्रत्यक्ष अनुगमन र निर्देशनका साथै समस्या समाधानका लागि सङ्घमा अन्तरमन्त्रालय, प्रदेश र स्थानीय सरकार तथा आयोजना प्रभावित समुदायसँग समन्वयको भूमिका निर्वाह गर्दै आउनुभएको छ । बैठकमा मन्त्री पुनले आयोजना निर्माणको काममा कुनै समस्या आए तत्काल सम्बोधन गर्न र समस्या समाधान गर्न असमर्थ भए आफूलाई जानकारी गराउन निर्देशन दिनुभयो ।

“समस्या आए पहिला आफ्नै तहबाट समाधान खोज्नुस्, सम्भव भएन भने मलाई भन्नुस्, जस्तोसुकै समस्या भए पनि राजनीतिक तहबाट तत्काल समाधान गरिन्छ”, तर समस्याको बहानामा विकासका काम रोक्ने वा ढिलासुस्ती गर्ने छुट भने कसैलाई नभएको उहाँको भनाइ थियो । मन्त्री पुनले बजेट र जनशक्तिको अभाव भए तत्काल समस्या समाधान गरिने पनि स्पष्ट गर्नुभयो । कोरोना महामारीको असहज अवस्थामासमेत आयोजनाका काम लक्ष्यअनुसार अघि बढेकामा विभाग र आयोजना प्रमुखसहित सबैलाई उहाँले धन्यवाद दिनुभयो ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोबर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोवाईल नं. ९८५२८२०९३५**

## विश्व समाचार

### बिहारमा सत्तारुढ दलहरुको गठबन्धनलाई बहुमत

पटना, २६ कात्तिक (रासस/एएनआई) ।

भारतको बिहारमा भएको निर्वाचनमा सत्तारुढ दलहरुको गठबन्धनले नै बहुमत प्राप्त गरेको छ ।

प्रधानमन्त्री नरेन्द्र मोदीको पार्टी भारतीय जनता पार्टी (भाजपा) र मुख्यमन्त्री नितिश कुमारको पार्टी जनता दल युनाइटेड (जेडियू) सहितको राष्ट्रिय लोकतन्त्रवादी गठबन्धन (एनडीए)ले नै बहुमत प्राप्त गरेको हो । यस गठबन्धनले कुल १२५ सिटमा जित हासिल गरेको छ भने विपक्षी महागठबन्धनले कूल ११० सिट मात्रै हासिल गरेको छ ।

पूर्व मुख्यमन्त्री लालुप्रसाद यादवका छोरा तेजस्वी यादवको नेतृत्वमा रहेको राष्ट्रिय जनता दल (आरजेडी) ले ७५ सिटसहित सबभन्दा ठूलो पार्टी बनेको छ ।

दोस्रोमा ७४ सिट सहित केन्द्रीय सत्तामा रहेको भाजपा छ भने मुख्यमन्त्री नितिश कुमारको जेडियुले केबल ४३ सिट जितेको छ ।

निर्वाचनको नयाँ नतिजा अनुसार अहिलेका मुख्यमन्त्री नितिश कुमार नै फेरि मुख्यमन्त्री बन्ने देखिएको छ । तर भाजपाको तुलनामा आफ्नो पार्टीसँग निकै कम सिट रहेको स्थितिका कारण नितिश कुमारलाई चुनौती र खतरा भने निकै धेरै रहेको छ ।

नितिश कुमारले आफू बिहारमा अन्तिम पटकका लागि मुख्यमन्त्री हुने यसअघि नै बताइसक्नु भएको छ । तीन कार्यकाल मुख्यमन्त्री भइसकेका नितिश कुमार अब चौथो पटक मुख्यमन्त्री हुनुहुने भएको हो ।

नतिजा सार्वजनिक भएसँगै एनडीएका समर्थकहरुले विजय जुलुश निकालिसकेका छन् । उनीहरुले वर्तमान केन्द्रीय तथा राज्य सरकारको समर्थनको रुपमा अहिलेको नतिजालाई व्याख्या गरेका छन् ।

कुल २४३ सिट रहेको बिहार राज्यको विधान सभाका लागि कोरोनाभाइरसको महामारीका बीचमा तीन चरणमा निर्वाचन भएको हो ।

निर्वाचनमा मतदानका लागि एक लाख छ हजार ५१५ मतदान केन्द्र तोकिएको थियो भने झण्डै ७५ प्रतिशत मतदाताको सहभागीता रहेको थियो ।

### भारतमा कोरोनाभाइरसबाट सक्रिय संक्रमितको संख्या न्यून

नयाँ दिल्ली, २६ कात्तिक (रासस/एएनआई) ।

भारतमा कोरोनाभाइरसबाट सक्रिय सङ्क्रमित अवस्थामा रहेकाहरुको संख्या पछिल्लो तीन महिनाकै सबैभन्दा कम भएको छ ।

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बुधबार दिएको जानकारी अनुसार गत १०६ दिन यताको सबैभन्दा कम भएको हो ।

यो बीचमा पाँच लाखभन्दा धेरै मानिस सक्रिय सङ्क्रमित अवस्थामा रहने गरेकोमा अहिले पाँच लाखभन्दा कम भएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार अहिले पनि सङ्क्रमित अवस्थामै रहेकाहरुको संख्या चार लाख ९४ हजार ६५७ रहेको छ ।

“सङ्क्रमित अवस्थामै रहेकाहरुको संख्या अहिले घट्दै जानु सुखद कुरा हो, भारतमा दैनिक सङ्क्रमितहरुको संख्यामा पनि कमी आएको छ,” स्वास्थ्य मन्त्रालयले भनेको छ ।

भारतमा पछिल्लो २४ घण्टामा सङ्क्रमित भएकाहरुको संख्या ४४ हजार २८१ रहेको मन्त्रालयका अधिकारीहरुले जनाएका छन् ।

मन्त्रालयका अनुसार भारतमा अहिलेसम्म ८६ लाख ३६ हजार १२ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन् ।

भारतमा पछिल्लो २४ घण्टामा कोरोनाभाइरसकै कारणले कम्तीमा ५१२ जनाको मृत्यु भएको छ भने अहिलेसम्म कुल मृतकको संख्या एक लाख २७ हजार ५७१ पुगेको छ ।

### अमेरिकाद्वारा २३ अर्ब डलरको प्रतिरक्षा सामग्री युएईलाई बिक्री

वासिङटन, २६ कात्तिक (रासस-एएनआई) ।

संयुक्तराज्य अमेरिकाले अरब मुलुक संयुक्त अरब इमिरेट्स (युएई) का लागि करिब २३ अर्ब ३७ करोड अमेरिकी डलर बराबरको अत्याधुनिक प्रतिरक्षा सामग्री बिक्री गर्न स्वीकृति दिएको छ ।

अमेरिकी विदेशी मन्त्रालयका अनुसार युएईलाई बिक्री गरिने सामग्रीहरुमा एफ-३५ लडाकू बिमान, एमक्यू-नाइन-बी मानवरहीत ड्रोन तथा आकाशबाट आकाशमा तथा आकाशबाट जमिनमा मार हान्न प्रयोग गरिने क्षेप्यास्त्रहरु रहेका छन् ।

डोनाल्ड ट्रम्प प्रशासनले उक्त सामग्री बिक्री गर्नेसम्बन्धी सम्झौताका बारेमा कंग्रेसलाई जानकारी दिएको छ । अमेरिकी विदेश मन्त्री माइक पोम्पेओले मंगलबार जारी गर्नु भएको विज्ञप्तिमा युएईसँग प्रगाढ बन्दै गएको सम्बन्धका कारण आधुनिक हातहतियार बिक्री गर्न लागिएको उल्लेख छ ।

पछिल्ला केही वर्षदेखि इरानबाट बढ्दो सुरक्षा चुनौती थपिएको अवस्थामा त्यसलाई निस्तेज बनाउन पनि युएईलाई अत्याधुनिक हातहतियार र लडाकू बिमान उपलब्ध गराउनु परेको विदेश मन्त्री पोम्पेओले बताउनु भएको छ ।

इजरायलसँग सम्बन्धी सामान्यीकरण गर्नेगरी युएईले इजरायलसँग कुटनीतिक सम्बन्ध स्थापना गर्ने सम्झौता गरेलगत्तै युएईलाई अमेरिकाले आधुनिक हातहतियार र युद्धक बिमान बिक्री गर्न लागेको हो ।

यसअघि इजरायल र जोर्डनबीच सन् १९९४ मा तथा इजरायल-इजिप्टबीच सन् १९७९ मा दौत्य सम्बन्ध स्थापना गर्नेगरी सम्झौताहरु भएका थिए । सुडान, बहराइन र युएईसँग भने हालै दौत्य सम्बन्ध स्थापना गर्न सहमति भएको हो ।

# समावेशी शिक्षाको स्थिति प्रतिवेदन : स्थानीय तहलाई सक्रिय हुन सुझाव

काठमाडौँ, २५ कात्तिक (रासस) ।
कोभिड–१९ पछिको वैकल्पिक प्रणालीको शिक्षामा अपाङ्गता भएका बालबालिकाको पहुँच बढाउन स्थानीय तहमा समन्वयात्मक र सहयोगात्मक कार्य हुनुपर्ने देखिएको छ ।

मुलुकका सात प्रदेशमा अवस्थामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट भइरहेको समावेशी शिक्षामा अपाङ्गता भएका बालबालिकाको पहुँचबारे हालै गरिएको तयार गरिएको स्थिति प्रतिवेदनले त्यस्ता विद्यार्थीमा वैकल्पिक विधिबाट शिक्षा पाउन पर्याप्त पहुँच नभएकाले स्थानीय तह र सम्बन्धित पक्षबीचको समन्वय तथा सहयोग बढाउनुपर्ने आवश्यकता देखाएको हो । नेपालका लागि अष्ट्रेलियाली दूतावासको सहयोगमा अपाङ्गता मानवअधिकार प्रवर्द्धन समाजले गरेको अध्ययनबारे बुधबार भर्चुअलरुपमा आयोजित अपाङ्गता अधिकारकर्मी तथा अधिवक्ता सुदर्शन सुवेदीले बौद्धिक अपाङ्गता, अटिजम, ड्राउन सिन्ड्रोम, पूर्ण अपाङ्गता भएका र सबै बालबालिकालाई शिक्षामा सहज पहुँचवृद्धिका लागि विशेष व्यवस्था गर्नुपर्ने आवश्यकता देखिएको बताउनुभयो ।

राष्ट्रिय अपाङ्ग महासङ्घका पूर्वअध्यक्ष सुवेदीले सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि वैकल्पिक शिक्षा पहुँचयोग्य नभएको जनाउँदै कमजोर आर्थिक स्थिति, इन्टरनेटको असुविधा र सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा अभ्यस्तताको अभावका कारण पनि समस्या उत्पन्न भएको बताउनुभयो । हाल विद्यालय तहमा अपाङ्गता भएका बालबालिका करीब ७५ हजार छन् ।

शिक्षाविद् डा वासुदेव काफ्लेले सरकारी संरचनाभित्र समावेशी नीति उचित हुनुपर्ने आग्रह गर्दै शिक्षामा नीतिमा मात्र नभई कार्यमुखी समावेशीताको कार्यान्वयनमा सरकार र सम्बद्ध निकाय लाग्नुपर्ने जनाउनुभयो । उहाँले समावेशी शिक्षाको प्रभावकारिताका लागि शिक्षकको उचित प्रबन्ध र अभिभावक सचेतनाका लागि काम गर्नुपर्ने बताउनुभयो ।

पूर्वाञ्चल विश्वविद्यालयका सामाजिक कार्यसमूहका अध्यक्ष प्रदिप्ता कादम्बरीले सरकारी नीति र निर्देशिकाको अभाव नभए पनि कार्यान्वयनका क्षेत्रमा देखिएका कमजोरी र असमन्वयको अन्त्य हुनुपर्नेमा जोड दिनुभयो ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रका अधिकृत नारद धमलाले यस क्षेत्रमा हालसम्म भएका कामबारे सकारात्मक मूल्याङ्कन गरी सुधानुपर्ने पक्षमा सम्बन्धित पक्ष क्रियाशील हुनुपर्नेमा जोड दिनुभयो ।

अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थाहरूको सञ्जाल (एआइएन) का अपाङ्गता कार्य समूहका संयोजक वीर नेपाली स्थानीय तहले लक्षित वर्गलाई लाभ हुने गरी समन्वय र सहयोगलाई बलियो बनाउन प्रभावकारी सहजीकरण गनुपर्ने बताउनुभयो । अष्ट्रेलिया अध्ययन गरेर फर्किएका दीपावली शर्माले आफूहरूले विदेशमा पढेका र देखेका शिक्षाका राम्रा अभ्यास तथा स्रोत साधनलाई स्वदेशको विकासमा उपयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । शिक्षा पत्रकार समाजका अध्यक्ष प्रकाश सिलवालले अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँचबारे विस्तृत र स्थलगत अध्ययन गरी नीतिगत सुझाव दिन आग्रह गर्नुभयो ।

# कुनै पनि हालतमा सरकार परिवर्तन हुदैन : प्रधानमन्त्री ओली

**दैनिक समाचारदाता**
**संखुवासभा, २६ कात्तिक ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले तत्कालै कुनै पनि हालतमा सरकार परिवर्तन नहुने बताउनुभएको छ ।

बुधबार संखुवासभाको जिल्लाको मकालु गाउँपालिका-५ फ्याक्सिन्दामा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले सो कुरा बताएका हुन् ।

पूर्वी नेपालको चीनसंग सिमाना जोडिएको हिमाली जिल्ला संखुवासभा जिल्लाको छिमेकी मित्रराष्ट चीनसंग सिमाना जोडिएको किमाथांका नाका, त्रिदेशीय (भारत, नेपाल र चीन) लिंकको रुपमा रहेको उत्तरदक्षिण कोशी सडक आयोजनाको कोशी कोरीडोर र सिमा सुरक्षा पोष्ट (विओपी) र बहुचर्चित अरुण तेस्रो जलविद्युत्त आयोजनाको अनुगमन गर्न हेलिकप्टर मार्फत संखुवासभा आएका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुर्दै प्रधानमन्त्री ओलीले दुई बर्ष अगाडि आफैले किमाथांका नाका चाँडै संचालनमा ल्याउने र भारतको जोगमुनी देखि किमाथांका सम्मको ३ सय ९० मिटर उत्तरदक्षिण कोशी सडक आयोजनाको कोशी कोरीडोर दुइलानको सडक बिस्तार गरि संचालन गर्ने देखेको सपना बिस्तारै पूरा हुदै गएको बताए ।

प्रधानमन्त्री ओलीले जनताको जनमतद्धारा आफू पार्टी अध्यक्ष र प्रधानमन्त्री भएकाले कसैको रहर हर्दैमा प्रधानमन्त्री र सरकार परिवर्तन नहुने स्पष्ट पारे । 'बिहानबिहानै समाचार सुन्छु, सरकार परिवर्तन हुने भनेको सन्छु, तर कसैको रहरमा सरकार परिवर्तन हुदैन । नेकपा पार्टी साना साना टुक्रा मिलेर बनेकाले फुटदैन ।'- ओलीले भने ।

प्रधानमन्त्री ओलीले वर्तमान समयमा आफु पार्टी अध्यक्ष र जनताद्धारा निर्वाचीत प्रधानमन्त्री भएकाले डराउने र नआत्तिन सम्पूर्ण नेपाली महानुभाव र पार्टी कार्यकर्ताहरुलाई समेत आश्वास्त पारे । उनले आफू रहरले नभई जनताले जिताएर अध्यक्ष बनाएको दाबी समते गरे । यो पार्टी ५० बर्ष अगाडि देखि सानासना टुक्राटुक्रा जोडेर निर्माण गरिएको हुदाँ नडराई नधकाई काम गर्न समेत सबैलाई अनुरोध गरे । कोभिड १९ ले देशनै संक्रमण पारेको अवस्थामा अब सबैले सचेत रहेर कोभिड परास्त गर्दै शैक्षिक संस्था र शैक्षिक संघसंस्थाहरु बिस्तारै खुर्ल्दै जाने जनजीवन सहज बनाउने बताए ।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**
**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सावर्जनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**


# नदीजन्य पदार्थ उत्खननमा कडाइ, मापदण्ड परिमार्जन गरिने

काठमाडौँ, २५ कात्तिक (रासस) ।
सरकारले नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री वितरणको अनुगमन गरी नियमविपरित पाइएमा कारवाही गर्ने भएको छ ।

गृह मन्त्रालयमा बुधबार बसेको समन्वयात्मक बैठकले क्रसर उद्योग र बालुवा प्रशोधन उद्योगमा समेत अनुगमन गरी मापदण्ड विपरित सञ्चालन भए कारवाही गर्न जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिएको छ । बैठकमा गृहमन्त्री रामबहादुर थापा, उर्जा, जलश्रोत तथा सिञ्चाइमन्त्री वर्षमान पुन, वन तथा वातावरणमन्त्री शक्ति बस्नेत, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री लेखराज भट्टसहित ती मन्त्रालयका सचिव एवं शहरी विकास मन्त्रालय र भौतिक पुर्वाधार तथा यातायात मन्त्रालयका सचिवको सहभागिता थियो ।

बैठकले नदीजन्य पदार्थमा आधारित उद्योग तथा स्थानीय तहबाट ठेक्का लगाइएका नदीजन्य पदार्थको उत्खनन् सङ्कलन र बिक्री वितरणको प्रभावकारी रुपमा अनुगमन गरी मापदण्ड विपरित सञ्चालन भएकालाई कारवाही गर्न निर्देशन दिएको छ। यस्तै विना दर्ता सञ्चालनमा रहेका क्रसर तथा बालुवा प्रशोधन उद्योगलाई तत्काल बन्द गर्न निर्देशन दिइएको मन्त्रालयले जनाएको छ ।

यसका लागि प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा डिभिजन वन कार्यालय, जिल्ला प्रहरी, घरेलु तथा साना उद्योग, मालपोत, नापी कार्यालयका प्रमुख तथा इन्जिनियरको संलग्नतामा नियमित अनुगमन गर्न भनिएको छ ।

क्रसर उद्योग विधिपूर्वक दर्ता भए/नभएको, मापदण्ड र उद्देश्य अनुसार सञ्चालन भए/नभएको तथा राजस्व बुझाएको/नबुझाएको विषयमा विवरण सङ्कलन गरी सात दिनभित्र गृह मन्त्रालयमा प्रतिवेदन पेश गर्न ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई निर्देशन दिइएको छ ।

राष्ट्रिय गौरवका आयोजना तथा अन्य आयोजनाबाट स्वीकृत लिई क्रसर उद्योग सञ्चालन भएको भए उक्त विवरणसमेत पठाउन भनिएको छ । बैठकले मन्त्रिपरिषदबाट स्वीकृत भई हाल कार्यान्वयनमा रहेको 'नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र विक्री वितरण तथा क्रसर उद्योग र बालुवा प्रशोधन उद्योग सम्बन्धि मापदण्ड २०७७' मा भएका कतिपय व्यवस्था कार्यान्वयनमा कठिनाइ देखिएकाले परिमार्जन गर्ने निर्णय पनि गरेको छ ।

उक्त मापदण्डलाई समयसापेक्ष बनाउन आवश्यक समन्वय गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले १५ दिनभित्र परिमार्जन गर्ने निर्णय पनि बैठकले गरेको छ ।


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**
- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेटनुपरेमा हात मिलाउनु हुँदैन, बरु हात जोडेर नमस्कार गरौ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**
- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money CHAUDHARY GROUP



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*